# नेपाली - ११ (व्यवस्थापन)

# नमुना - १

कक्षा : ११ पूर्णाङ्क : १००

विषय : अनिवार्य नेपाली उत्तीर्णाङ्क : ४०

समय : ३ घण्टा

*सबै प्रश्नहरू अनिवार्य छन् । मौलिक लेखनलाई प्रोत्साहित गरिनेछ ।*

१. कुनै एक प्रश्नको उत्तर दिनुहोस् ५

(क) तल दिइएका वर्णहरूलाई उच्चारण स्थानका आधारमा छुट्याउनु होस् :

ब् च् ह् ध् स्

(ख) तल दिइएका शब्दहरूलाई उच्चारण मानकका आधारमा अक्षर संरचना छुट्याई

अक्षर सङ्ख्या समेत लेख्नुहोस् :

श्रीमती, विन्याश, विशेषता, ब्रिजवाटर, समावेसीकरण ।

२. शुद्ध गरी लेख्नुहोस् ५

पुरान सकिए पछि गुरूका पाँउमा आफ्नो पुर्पूरो टेकाउँदै मैले भनेँ - म एउटा ग्यानको भोको महापुरुषको शङ्गत गर्ने धोको लियेर आएको छु हजुर ?

३. तलका शब्दहरूको पदवर्ग छुट्याउनु होस् : ३

शारीरिक **<u>क्षमता,</u>** इन्द्रियगत, सामर्थ्य, मानसिक **<u>परिष्कार</u>** र बौद्धिक उर्वरता **<u>पनि</u>** उसका **<u>परिचायक</u>** सन्तुलित **<u>शक्ति</u>**का स्वरूप **<u>हुन्</u>** ।

४. तलका शब्दहरूलाई तत्सम, तद्भव र आगन्तुक शब्दमा छुट्याउनु होस् : २

अग्नि, आशय, बहिनी, पावर

५. कुनै दुई प्रश्नको उत्तर दिनु होस् : २x३=६

(क) तलका शब्दहरूलाई शब्दकोशमा झैं वर्णानुक्रम मिलाएर राख्नुहोस् :

१ प्रेरणा २ प्रिय ३ पृष्ठ

(ख) तलका शब्दहरुको विपरीतार्थक शब्द लेख्नुहोस् ।

सूक्ष्म, आधुनिक, आकर्षण, बुझक्कड, फुर्तिलो, कडा

(ग) तलको अनुच्छेद पढी तीन/तीन ओटा समापिका र असमापिक क्रिया छुट्याउनु होस् :

दिनेश बर्दियामा बस्छन् । उनी सामान्य हिसाबले हेर्दा कृषकजस्ता लाग्छन् । तर उनले गरेको व्यवसाय हेर्ने हो भने उनी कुनै शिक्षित मान्छेभन्दा बढी सचेत देखिएकाले उनलाई राज्यले पनि लगनशील कृषक भनी सम्मानित गरेको देखेर अरु किसानहरू पनि उनकै जस्तो काममा आकर्षित भएका छन् । उनले आधुनिक तरकारी खेती गरेकाले अरु पनि आकर्षित भएर लागेका छन् ।

६. कुनै एक प्रश्नको उत्तर दिनु होस् :

(क) तलको अनुच्छेदका रेखाङ्कित पदहरूलाई व्यक्ति वाचक, जाति वाचक, समूह वाचक, द्रव्य वाचक र भाव वाचक नामपद छुट्याउनु होस् :

रतिया, सोनवा, राजन बालकैदेखिका साथी हुन् । उनीहरूले एउटै विद्यालयमा पढेका पनि हुन् । मानिस भएपछि सँगै अध्ययन गर्नु वा छुट्टिनु सामान्य कुरा पनि हो । उनीहरू विभिन्न भेलामा ताँती लागेर सँगै जाने पनि गर्दथे । एउटै थालमा भात खाए, एउटै बोतको पानी पिए । उनीहरू कहिले ईर्ष्या गर्थे, कहिले माया त कहिले दुःख साटासाट गर्थे ।

(ख) तलको अनुच्छेद पढी त्यसबाट आठओटा सर्वनाम पद लेख्नु होस् :

म महिला हुँ । पुरुषहरूले मित्रताका हात बढाएजस्तो गरी, सहयोग गर्न खोजेजस्तो गरी साथी बनाउने प्रयत्न गरेका भए पनि तिनीहरू शुद्ध नियतले मित्रताका हात बढाइरहेका छन् भन्ने लागिरहेको छैन । हाम्रो समाज नै पितृसत्तात्मक भएको र सदैव महिला उत्पीडनमा बस्नु पर्ने भएका कारण पनि उनीहरूको नियतमाथि शङ्का गर्नु परेको पनि हुन सक्छ । तापनि हामी महिलाले सदैव फुकी फुकी पाइला चाल्नु पर्ने अवस्था समाजमा अझैसम्म पनि विद्यामा रहेको मैले देखेकी छु । साथै समाजको यो विभेदको समाप्ति नुहँदासम्म हाम्रो आशङ्का रहिरहन्छ भन्ने लाग्छ मलाई ।

७. कुनै एक प्रश्नको उत्तर दिनु होस् : (६)

(क) तलको अनुच्छेदको प्रथम पुरुषलाई तृतीय पुरुषमा फेरी आवश्यक परिवर्तन गर्नुहोस् ।

म नेपाली हुँ । सगरमाथा मेरो गौरव हो । म त्यहाँ पुग्न सकेको छैन । कहिले त्यहाँ पुगूँला भन्ने मलाई लागि रहेको छ । अहिलेसम्म अवसर पाएको भने मैले सकेको छैन ।

(ख) तलका शब्दहरुलाई वाक्यमा प्रयोग गर्नुहोस् ।

भडक, घरबुने, गजुर, रेसमी, चुम्बक

८. कुनै दुई प्रश्नको उत्तर दिनु होस् : ४x२=८

(क) तलको अनुच्छेदबाट चार/चार ओटा नायोगी र क्रियायोगी शब्द लेख्नु होस् :

मसँग पाँच सय रुपियाँ छ, तिमीसँग पनि केही रकम होला । दुवै जना मिली सिनेमा हेर्न पाटनतिर जाउँ न । रामको यो कुरा सुनेर सीताले उसको योजना अनुसार पाटनतर्फको यात्रामा सहभागी नहुने जानकारी दिइन् । उनीहरूले एक जना परिचित व्यक्ति मार्फत् टिकट लिए र समय हुनासाथ हलभित्र पसे । हलमा सीता कता पसिन् कता ? राम जुरुक्क उठ्यो र फटाफट हिँड्न थाल्यो । अन्त्यमा भेट्टायो, सीता मुसुक्क हाँसी, रामले पनि सीतालाई पुलुक्क हेर्‍यो ।

(ख) तलको अनुच्छेदबाट चार ओटा संयोजक टिप्नु होस्

गौरी र शङ्कर अति मिल्ने साथी थिए । गौरीका बाबुआमा धनी थिए तर शङकर भने गरिबको छोरो थियो । गौरी साइकल चलाउँथी भने शङ्कर पछिपछि दगुर्थ्यो । गौरी शङ्करलाई माया गर्थी, त्यसैले ऊ शङकरलाई पनि साइकल कुदाउन दिन्थी यद्यपि गौरीकी दिदी शङ्करलाई गाली गर्थिन् अनि शङ्कर वाल्ल पर्थ्यो । जब दिदी रिसाउँथिन् तब गोरी झर्कन्थी । जुन कुराले शङ्करको चित्त दुख्यो र त्यसले उसलाई विरामी समेत बनायो ।

(ग) तलको अनुच्छेद पढी विस्मयादिबोधक र निपात पत्ता लगाउनु होस् :

आबुइ ! नि मधुकर त्यो घोडाबाट खसे भने ? मेरो यस्तो प्रश्नले आमाले भन्नुभयो - धत् ! लाटा, मधुकर खस्दैनन् नि । उनी त घोडा चढ्न जान्ने भएका छन् पो । मैले पनि भने ए हो आमा ! विचरा ! मधुकर पनि सोझा त सोझै हुन् र त गौरि पनि पछि लाग्छे क्यारे !

९. तल दिइएको अनुच्छेद पढी अन्त्यमा सोधिएका प्रश्नको उत्तर दिनुहोस्: १०

मुलुकको अधिकांश जनता ग्रामीण क्षेत्रमा बसोबास गर्ने र उनीहरूले दाउरा, कृषिजन्य वस्तुहरू र जनावर मलको प्रयोग ऊर्जाको लागि निकै

गर्ने तथ्यहरूले देखाएको परिप्रेक्ष्यमा ऊर्जाको बढ्दो माग धान्नका लागि सामुदायिक वनको सकारात्मक प्रयास भए पनि दाउराको उपलब्धता घट्दो अवस्थामा छ । दैनिक आवश्यकता पूरा गर्न धेरै पैसा खर्च गर्न सक्ने अवस्थामा अधिकांश जनता नभएको सन्दर्भमा ऊर्जाको सही सदुपयोगका लागि सुधारिएको चुलो नेपालको ग्रामीण क्षेत्रमा गतिलो विकल्प बनेको छ । दाउरा कम लाग्ने, परम्परागत प्रविधिबाट एकैपटक अलग भएजस्तो नलाग्ने, धुवाँ नआउनाले घर सफा हुने तथा भान्छामा काम गर्ने विशेष गरी महिलाहरूको स्वास्थ्यमा सकारात्मक असर पर्ने, एकपटक बालिसकेपछि बारम्बार फुकिरहनु नपर्ने, भाँडा कालो नहुने, खाना छिटो र एकैपटकमा धेरै परिकार पकाउन सकिने हुँदा समयको बचत हुने, दुई सयदेखि चार सय खर्चमै स्थापना हुने हुँदा गरिब जनताले पनि राख्न सक्ने, निर्माण मर्मतसुधार आदि स्थानीय स्रोत, साधन र जनशक्तिले नै गर्न सक्ने भएको हुँदा सुधारिएको चुलोबाट वातावरण सन्तुलन र आवश्यकता पूरा दुवै काम हुने भएकाले ऊर्जाको परिपूर्तिमा यो उपयुक्त माध्यम बन्न सक्ने देखिन्छ । यसलाई बढावा दिने हेतुले सरकारले हरेक गा.वि.स. मा स्थानीय व्यक्तिहरूलाई नै सीप सिकाउने र आफूले अनुगमन र सुपरीक्षण मात्र गर्ने नीतिले पनि यसको प्रभावकारितामा वृद्धि भएको पाइन्छ ।

***प्रश्नहरू***

क) किन सुधारिएको चुलो नेपालको ग्रामीण क्षेत्रमा गतिलो विकल्प बनेको छ ?

ख) सुधारिएको चुलो ऊर्जाका निम्ति उपयुक्त माध्यम हो ? स्पष्ट पार्नुहोस् ।

ग) सुधारिएको चुलाको प्रभावकारितामा वृद्धि गर्न सरकारले के-कस्तो नीति अपनाएको छ?

घ) शब्दनिर्माण प्रक्रिया देखाउनुहोस् :

सदुपयोग, सकारात्मक, आवश्यकता, सुपरीक्षण

ङ) यस गद्यांशका ागि उपयुक्त किसिमको शीर्षक चयन गर्नुहोस् ।

१०. तलको अनुच्छेद पढी त्यसबाट मुख्यमुख्य पाँचओटा बुँदा टिपोट गर्नुहोस् गर्नुहोस् । ५

वीर भनेको त्यो हो, जो आफू सम्झँदैन । कीर्तिपिपासु बत्तीको झिल्के पुतली हो । स्वार्थनामेट नै वीरता हो । ‘म बहादुर हुँ’ को चैतन्य मानौं

आत्महत्याको आत्मप्रदर्शनी हो । समर्पणको भावना ईश्वरमा बिजुलीझैं मिल्दछ । एक इशारामा उफ्रिने आत्मालाई म वीर भन्दछु- जो यताउति झिलिक्क झल्किहाल्छ । अनन्तताको मोहनी, अमृतको बिजुली । सच्चा वीरमा विश्वासको जादू हुन्छ । ऊ एक झिलिकमा पुरुखा देख्तछ । दुस्मनको हाँकमा भन्दा अमरत्वको सहज विश्वासमा वीरको सच्चा टुना छ । उसको आत्मा उचालियो । खुट्टा पृथ्वीबाट उठे, समुचा जीवन झल्कियो । उसले सत्य देख्यो । एकै निमेषभर पनि अनन्तको अमृत चाख्यो । अनि हेर, दुई सय करोडका आँखा आश्चर्यमा टुल्टुलाए । ऊ मान्छेभन्दा कति माथि एक निमेषको पखेटामा उड्दछ ।

हामी ऋणमा डुबिरहेछौं । दूधको भारा तिर्न हिचकिचाउनु कातरता हो । के तिमीलाई विश्वास छैन ? तिमी माटो होइनौ ? के अनन्त साठी वर्षको रालसिँगानभन्दा पर छैन ? उताको अनन्तता यताको बोके झोकाइमा खेर फाल्नु ! डुब नानी ! गहिराइले अतासिनेहरू मोतीबाट वञ्चित छन् । तर हाय ! एक अनन्तको झिलिमिलीले मलाई यतातिर तान्दछ । भोलिको पर्सिको होश नहुनु नै मेरो पार्थिवता हो । टाढाको नहुनु नै मेरो अन्धता हो । म खुम्चिन्छु । कम रोकावटको पथमा हार खाएर भागिरहन्छु । नजिकका क्षणहरू लोलाइरहन्छन् र क्षणलाई अनन्तको सर्वस्व सुम्पँदै त्रास र विकम्मापन साटेर दिनताको प्रदर्शनी देखाउँछु ।

११. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ५

क) आफू कलेजमा भित्रिँदा कलेजबाट आयोजित स्वागत-समारोहको वर्णन गरी १५० शब्दसम्मको प्रतिवेदन तयार पार्नुहोस् ।

ख) वन फडानी रोक्नका लागि जिल्ला वन कार्यालयको ध्यानाकर्षणका लागि एक पत्र लेख्नुहोस् । (मान्नुहोस् कि तपाईंको नाम आकृती हो र तपाईं शन्ति विद्या मन्दिर, रातामाटा पढ्नुहुन्छ ।)

१२. माननीय शिक्षामन्त्रीको प्रमुख आतिथ्यमा सम्पन्न हुन लागेको विद्यालयको वार्षिकोत्सवमा सहभागी हुनका निम्ति अभिभावकहरुलाई बाँड्ने निमन्त्रणा-पत्रको नमुना तयार पार्नुहोस् ।

१३. तल दिइएका कुनै एक शीर्षकमा ३०० शब्दमा नबढाई निबन्ध लेख्नुहोस्:१०

(क) रोजगारीका लागि युवाशक्ति पलायन वाध्यता कि आवश्यकता ?

(ख) गाउँले जीवन ।

(ग) आजको युगमा विज्ञान-प्रविधिको महत्त्व ।

१४. बौलाहा काजीको सपना' नाटकमा काजीले देखेको सपना के हो र ती सपना पूरा हुन नसक्नाका कारणहरु के के हुन् ? प्रकाश पार्नु होस् । १०

१५. तलका कुनै दुई प्रश्नहरूको उत्तर दिनुहोस् : २x५= १०

(क) तलको कवितांश पढी सोधिएका प्रश्नहरूको एक दुई वाक्यमा उत्तर दिनु होस् :

म तिम्रो मृतदेहसँग जिउँदै मर्न सक्छु
म तिमीहरूको सामूहिक बलात्कार खपेर बाँच्न सक्छु
तिमीलाई त यसो कहिल्यै भएन,
तिमीले रजस्वलाको कष्टप्रद क्षण भोगेका छैनौ
तिमीलाई आफ्नो अस्मिताको जोखिम उठाउनु पर्दैन
तिमीलाई गर्भ धारणको अतिशय पट्यार लाग्दो अवधि थाहा छैन
तिमीलाई प्रसव कालको सीमातीत कष्ट भोग्नु पर्दैन ।

**प्रश्नहरू**

(१) पहिलो पङ्क्तिमा कविले के भन्न चाहेकी हुन् ?

(२) कविले 'म' का कस्ता समस्या प्रस्तुत गरेकी छन् ?

(३) 'तिमी' ले नभोगेका कुराका माध्यमबाट कविले भन्न खोजेका कुराहरू के के हुन् ?

(४) सामूहिक बलात्कार, रजस्वला, अस्मिता, गर्भ धारण र प्रसव अवस्थाका कारण नै महिलाहरूलाई पछि पारिएको हो ? आफ्ना छोटा तर्क प्रस्तुत गर्नु होस् ।

(५) 'अतिशय' र 'सीमातीत' शब्दको अर्थ लेख्नु होस् ।

(ख) तलको कथांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनु होस् :

यो सबै सङ्गत गुनको फल । ठुला बडाको सङ्गतको विष त महामारी फैले झैं पो फैलन्छ त । यसले हामी जस्ताको त प्राणै चुस्छ । त्यो घरको हावाबाट जति सक्यो परै राख भन्यो, मान्दिनौ तिमी ।"

"यो क्या, छोटाहरूको छिमेक रे, हाम्रो दिदीआमाले भन्या । यहाँका छोटाहरूको सङ्गतले म बिग्रिएँ रे क्या, त्यसैले हामी घर सरेको ।"

प्रश्नहरू

(१) माथिका भनाइ ककसका हुन् ?

(२) माथिका पहिलो र दोस्रो उद्धरणमा वक्ताको दृष्टिकोणमा के भिन्नता छ ?

(३) 'ठुला बडाको सङ्गतको विष त महामारी फैलिए झैँ पो फैलिन्छ त' भन्नुको तात्पर्य के हो ?

(४) दिदीआमाको व्यवहारका कारण बाल्यप्रेममा बाधा पुगेको छ भन्ने कुराप्रति तपाईँ सहमत हुनुहुन्छ ? हुनुहुन्छ भने किन ?

(५) छोटा र बडाको समाज नहुनका लागि के हुनु पर्ला ?

(ग) तलको निबन्धांश पढी सोधिएका प्रश्नको उत्तर दिनु होस् :

"कस्तो विचित्रता, आलु खाए पनि मान्छे खाएको कुरा सकार्न सक्दैन । सायद यसैले होला 'आलु खाएर पेडाको धाक' लगाउने चलन चलेको । उसिनाको भात हसुरेर मसिनाको भुजा ज्युनार गरेँ भन्नेदेखि लिएर बम पड्काई शान्तिको अभियान चलाएको भन्नेसम्म दर्जा दर्जाका धक्कुबाजहरू संसारमा पाइन्छन् । वास्तवमा यी सबै आलु खाएर पेडाको धाक लगाउने हुन्, अर्थात् कर्मले गरेको नीचतालाई धाकले ढाक्नु आलुवादको धार्मिक पक्ष हो, जो बिसौँ शताब्दीका प्रत्येक व्यक्तिले पालन गर्नै पर्छ ।"

प्रश्नहरू

(१) मान्छेले आलु खाएर पनि खाएँ भन्न नसक्नुको कारण के हो ?

(२) आलु खाएर पेडाको धाक लगाउनेहरू कस्ता हुन्छन् ?

(३) आलुवादको धार्मिक पक्ष के हो ?

(४) भैरव अर्यालको बिसौँ शताब्दीका मान्छेलाई हेर्ने यस दृष्टिकोणप्रति तपाईँको के प्रतिक्रिया छ ?

(५) माथिको अनुच्छेदमा कसलाई व्यङ्ग्य गरिएको हो ?

१६. 'मधुमालतीको कथा'को मूल भावका साथै उक्त कथाले चित्रण गरेको बालमनोविज्ञानका बारेमा आफ्नो प्रतिक्रिया लेख्नुहोस् ५

# नमुना - २

१. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ५

(क) तल दिइएका वर्णहरूलाई उच्चारण स्थानका आधारमा छुट्याउनु होस् :

ख् च् घ् ध् स् ।

(ख) तल दिइएका शब्दहरूलाई उच्चारण मानकका आधारमा अक्षर संरचना छुट्याई अक्षर सङ्ख्या समेत लेख्नुहोस् :

श्रीमती, विन्याश, विशेषता, पुनर्लेखन, समावेसीकरण ।

२. शुद्ध गरी लेख्नुहोस् ५

आज भोली रोप्ने बीउको अर्मल तीर्ने कुरा सूनेर धनजीतेलाइ सहिनसक्नु भए ।

अषारको बिउ चरायर अर्मलको कुरा गर्छस् भनेर करायो ।

३. तलका वर्णहरूलाई घोषत्व र प्राणत्वका आधारमा वगीकरण गर्नुहोस् : ५

क्, च्, त्, प्, ह् ।

४. तलका शब्दहरूलाई तत्सम, तद्भव र आगन्तुक शब्दमा छुट्याउनु होस् :२

अग्नि, आशय, बहिनी, पसल, खैनी, पावर ।

५. कुनै दुई प्रश्नको उत्तर दिनुहोस् : २x४=८

(क) तलको अनुच्छेदका रेखाङ्कित पदहरूलाई व्यक्ति वाचक, जाति वाचक, समूह वाचक, द्रव्य वाचक र भाव वाचक नामपद छुट्याउनु होस् :

रतिया, सोनवा, राजन बालकैदेखिका साथी हुन् । उनीहरूले एउटै विद्यालयमा पढेका पनि हुन् । मानिस भएपछि सँगै अध्ययन गर्नु वा छुट्टिनु सामान्य कुरा पनि हो । उनीहरू विभिन्न भेलामा ताँती लागेर सँगै जाने पनि गर्दथे । एउटै थालमा भात खाए, एउटै बोतको पानी पिए । उनीहरू कहिले ईर्ष्या गर्थे, कहिले माया त कहिले दुःख साटासाट गर्थे ।

(ख) तलको अनुच्छेद पढी त्यसबाट आठओटा सर्वनाम पद लेख्नु होस् :

म महिला हुँ । पुरुषहरूले मित्रताका हात बढाएजस्तो गरी, सहयोग गर्न खोजेजस्तो गरी साथी बनाउने प्रयत्न गरेका भए पनि तिनीहरू शुद्ध नियतले मित्रताका हात बढाइरहेका छन् भन्ने लागिरहेको छैन । हाम्रो समाज नै पितृसत्तात्मक भएको र सदैव महिला उत्पीडनमा

बस्नु पर्ने भएका कारण पनि उनीहरूको नियतमाथि शङ्का गर्नु परेको पनि हुन सक्छ । तापनि हामी महिलाले सदैव फुकी फुकी पाइला चाल्नु पर्ने अवस्था समाजमा अझैसम्म पनि विद्यामा रहेको मैले देखेकी छु । साथै समाजको यो विभेदको समाप्ति नुहँदासम्म हाम्रो आशङ्का रहिरहन्छ भन्ने लाग्छ मलाई ।

(ग) तलको अनुच्छेद पढी चार/चारओटा समापिका र असमापिक क्रिया छुट्याउनु होस्:

दिनेश बर्दियामा बस्छन् । उनी सामान्य हिसाबले हेर्दा कृषकजस्ता लाग्छन् । तर उनले गरेको व्यवसाय हेर्ने हो भने उनी कुनै शिक्षित मान्छेभन्दा बढी सचेत देखिएकाले उनलाई राज्यले पनि लगनशील कृषक भनी सम्मानित गरेको देखेर अरु किसानहरू पनि उनकै जस्तो काममा आकर्षित भएका छन् । उनले आधुनिक तरकारी खेती गरेकाले अरु पनि आकर्षित भएर लागेका छन् ।

६. तलको अनुच्छेदबाट पाँच/पाँचओटा नायोगी र क्रियायोगी शब्द लेख्नु होस् : ५

मसँग पाँच सय रुपियाँ छ, तिमीसँग पनि केही रकम होला । दुवै जना मिली सिनेमा हेर्न पाटनतिर जाउँ न । रामको यो कुरा सुनेर सीताले उसको योजना अनुसार पाटनतर्फको यात्रामा सहभागी नहुने जानकारी दिइन् । उनीहरूले एक जना परिचित व्यक्ति मार्फत् टिकट लिए र समय हुनासाथ हलभित्र पसे । हलमा सीता कता पसिन् कता ? राम जुरुक्क उठ्यो र फटाफट हिँड्न थाल्यो । अन्त्यमा भेट्टायो, सीता मुसुक्क हाँसी, रामले पनि सीतालाई पुलुक्क हेर्‍यो ।

७. तलको अनुच्छेदबाट दसओटा संयोजक टिप्नु होस् : ५

गौरी र शङ्कर अति मिल्ने साथी थिए । गौरीका बाबुआमा धनी थिए तर शङकर भने गरिबको छोरो थियो । गौरी साइकल चलाउँथी भने शङ्कर पछिपछि  दगुर्थ्यो । गौरी शङ्करलाई माया गर्थी, त्सैले ऊ शङकरलाई पनि साइकल कुदाउन दिन्थी यद्यपि गौरीकी दिदी शङ्करलाई गाली गर्थिन् अनि शङ्कर वाल्ल पर्थ्यो । जब दिदी रिसाउँथिन् तब गोरी झर्कन्थी । जुन कुराले शङ्करको चित्त दुख्यो र त्यसले उसलाई विरामी समेत बनायो ।

८. तलको अनुच्छेद पढी विस्मयादिबोधक र निपात पत्ता लगाउनु होस् : ५

आबुइ ! नि मधुकर त्यो घोडाबाट खसे भने ? मेरो यस्तो प्रश्नले आमाले भन्नुभयो - धत् ! लाटा, मधुकर खस्दैनन् नि । उनी त घोडा चढ्न जान्ने

भएका छन् पो । मैले पनि भने ए हो आमा ! । विचरा ! मधुकर पनि सोभ्का त सोभ्कै हुन् र त गौरी पनि पछि लाग्छे क्यारे !

९. तल दिइएको अनुच्छेद पढी सोधिएका पाँचओटा प्रश्नको उत्तर दिनुहोस् : १०

नेपालका धेरै भाषाहरू अहिलेसम्म कथ्य (मौखिक) परम्परामा मात्र सीमित छन् । लेख्य परम्परा भएका भाषाहरूमा नेपाली, नेवारी, मैथिली, भोजपुरी, अवधी, लिम्बू आदिलाई लिन सकिन्छ । अन्य केही भाषारू भरखरै लेख्य परम्पराको खुट्किलामा उक्लिँदै छन् । यस्ता भाषाहरूमा थारु, तामाङ् मगर, गुरुङ र राई समूहका भाषाहरूमध्ये थुलुङ, बान्तवा, चाम्लिङ, खालिङ, कुलुङ आदि छन् ।

लेख्य परम्परा वा लिपि भएका भाषामध्ये नेपाली भाषा साहित्यिक हिसाबले विकसित र सम्पन्न मानिन्छ । यस भाषामा शैक्षिक प्रयोगका लागि आवश्यक पूर्वाधारहरू तयार भइसकेका हुनाले उक्त दृष्टिले यसमा विशेष प्रयासको खाँचो नहुन सक्छ तर नेपाली राष्ट्रभाषाका साथै सरकारी कामकाजको समेत भाषा भएकाले त्यसको भूमिका निर्वाह गर्नको लागि आवश्यक हुने विकासको यसमा पनि जरुरत पर्दछ । नेवारी र मैथिली भाषा पनि लेख्य परम्परा र साहित्यका दृष्टिले विकसित भाषा मानिन्छन् । ऐच्छिक विषयका रूपमा माध्यमिक तहदेखि स्नातकोत्तर तहसम्म पठनपाठन हुने व्यवस्था भइसकेका यी भाषाहरूलाई शैक्षिक प्रयोगका दृष्टिले सामान्य पूर्वाधार रहेका भाषाका रूपमा लिन सकिन्छ । सिक्किममा उच्च माध्यमिक तहसम्म पठनपाठनको व्यवस्था भएको लिम्बू भाषा हाल स्वदेशमा भएका भाषिक तथा साहित्यिक गतिविधिबाट पनि शैक्षिक प्रयोगका लागि सामान्य पूर्वाधार बनाउन सक्षम रहेको देखिन्छ । यस्तै भोजपुरी र अवधी भाषामा पनि विभिन्न साहित्यिक रचनाको उपलब्धतालाई हेर्दा यिनलाई शैक्षिक दृष्टिले पूर्वाधार भएका भाषाको रूपमा लिन सकिन्छ ।

प्रश्नहरू :

१. नेपालका भाषाहरूको कथ्य र लेख्य परम्परा कस्तो रहेको छ ?

२. नेपाली भाषाको अवस्था कस्तो छ र किन विकासको आवश्यकता रहिरहन्छ ?

३. नेवारी र मैथिली भाषालाई कुन तहमा राखिएको छ, किन ?

४. लिम्बू, भोजपुरी र अवधी भाषाको अवस्था कस्तो रहेको छ ?

५. यस अनुच्छेदका लागि के शीर्षक दिनु उपयुक्त होला ?

१० तलको अनुच्छेद पढी त्यसबाट मुख्यमुख्य पाँचओटा बुँदा टिपोट गर्नुहोस् । ५

पानीमा फोहोर कसिङ्गर मिसियो भने प्रदूषित हुन्छ र मानवका लागि प्रयोगयोग्य हुँदैन । पानी प्रदूषित हुने धेरै कारणहरू हुन्छन् । वर्षाको पानीलाई सबैभन्दा शुद्ध मानिन्छ । जुन बेला बादल चिसिएर पानी बन्छ त्यस बेला पानी शुद्ध हुन्छ । तर पानी जब आकाशबाट खस्न थाल्छ, तब हावामा रहेका धुलोका कणहरू र ग्याँसहरूसँग सम्पर्कमा आएर पानी दूषित हुन थाल्छ । खास गरेर औद्योगिक प्रदूषण हुने ठाउँमा पानी अत्यधिक प्रदूषित हुन्छ र मानवमात्रका लागि होइन जीवजन्तुका लागि पनि हानिकारक हुन्छ । अव्यवस्थित रूपले ढल निष्काशन गर्दा पनि पानी प्रदूषित हुन्छ भन्ने कुराको प्रमाणका रूपमा उपत्यकामा बग्ने विभिन्न खोलाहरूलाई लिन सकिन्छ । ढल निकासले गर्दा प्रदूषित भएको पानीमा रोगका कीटाणुहरू व्यापक रूपमा फस्टाउँछन् । त्यसै कारण पानीका जलचरहरू हराएर जान्छन् । खेतबारीबाट बग्ने रासायनिक मल, कलकारखानाबाट बग्ने रासायनिक झोल एवम् सडक र बस बिसौनीहरूबाट बग्ने रायनिक पदार्थ मिसिएका भलले पनि पानी प्रदूषित हुन्छ । जुन स्वास्थ्यका लागि अत्यन्त हानिकारक हुन्छ ।

११ कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ५

(क) युनिग्लोब कलेजको पुस्तकालयका लागि एक जना महिला कर्मचारीको आवश्यकता सम्बन्धी एउटा विज्ञापनको नमुना तयार पार्नुहोस् ।

(ख) तपाईंका आफ्ना दाजुको विवाहका लागि बुबाले लेख्ने निमन्त्रणा पत्रको नमुना तयार पार्नुहोस् ।

१२. 'कुलतमा युवा : समस्या र समाधान' शीर्षकमा १५० शब्दसम्मको टिप्पणी लेख्नुहोस् । ५

अथवा

तपाईंको कलेजले हालै सम्पन्न गरेको स्वागत समारोहको विवरण उल्लेख गरी १५० शब्दसम्मको प्रतिवेदन लेख्नुहोस् ।

१३. तल दिइएका कुनै एक शीर्षकमा ३०० शब्दमा नबढाई निबन्ध लेख्नुहोस्:१०

(क) रोजगारीका लागि युवाशक्ति पलायन वाध्यता कि आवश्यकता ?

(ख) गाउँले जीवन ।

(ग) आजको युगमा विज्ञान-प्रविधिको महत्त्व ।

१४. 'नालापानीमा' एकाङ्कीमा राष्ट्रवाद तथा मानवतावाद कसरी र कुनकुन पात्रका

१५. तलका कुनै दुई प्रश्नहरूको उत्तर दिनुहोस् : २x५= १०

(क) गीतकारले महत्त्व दिएका कुरा नछुटाई 'नेपालै नरहे' गीतको भावार्थ लेख्नुहोस् ।

(ख) छिमेकीको आवश्यकता र महत्त्वबारे 'छिमेकी' कथाले कस्तो सन्देश दिएको छ ?

(ग) 'आइमाई साथी' निबन्धमा निबन्धकारको कस्तो दृष्टिकोण प्रस्तुत भएको छ ?
उल्लेख गर्नुहोस् ।

१६. 'मधुमालतीको कथा'का आधारमा उक्त कथाले चित्रण गरेको बालमनोविज्ञानका
बारेमा आफ्नो प्रतिक्रिया लेख्नुहोस् । ५

# नमुना - ३

१. कुनै एक प्रश्नको उत्तर दिनु होस् : ५

(क) तल दिइएका वर्णहरूलाई घोषत्व र प्राणत्वका आधारमा छुट्याउनुहोस् :
ख् छ् घ् ढ् ब् ।

(ख) तल दिइएका शब्दहरूको अक्षर संरचना छुट्याई अक्षर सङ्ख्या समेत लेख्नु होस् :
स्याल, कमल, अन्याय विशेषता, आज्ञाकारी ।

२. शुद्ध गरी लेख्नु होस् :
आइमाई साथि निबन्ध लखीएको पाच दसक भन्दा बढि भइ सकेको छ । तेस बेला र यस बेलाको नेपालि समाजमा परिवर्तन आइ सकेको छ । त्यस समयको तुलनामा अहीले आएका परिवर्तनहरू वास्तवमै सकारात्मक छन् ।

३. तलका शब्दहरूको शब्दवर्ग छुट्याउनु होस् : ३

राजा मधुकरले रानी मधुमालती समेतलाई उही फटिकको खम्बाबाट निस्केको वायुपङ्खी घोडामा चढाई त्यहाँबाट हिँडे । आमा एउटा किताब लिएर पढ्न थालनु हुन्थ्यो । त्यस बेला म ज्ञानी बालक जस्तै आमाको छेउमा चुपचाप बसि रहन्थेँ ।

४. तलका शब्दहरूलाई तत्सम, तद्भव र आगन्तुक शब्दमा छुट्याउनु होस् : २

वृक्ष, शिशिर, घिउ, मोटर ।

५. कुनै दुई प्रश्नको उत्तर दिनु होस् : २x३=६

(क) तलको अनुच्छेदबाट छ ओटा अनुकरणात्मक शब्दहरू पहिचान गरी लेख्नु होस् :

बस सुलुलु बाटामा गुड्यो । त्यो बिसौनीमा टक्क अडियो । त्यहाँ राम उत्रिँदा झमझम पानी पर्‍यो । त्यतिखेरै सिर्र हावा चल्यो । झमक्क रात पर्न लागेकाले उसको मन चिसिक्क भयो । कतैतिर ढ्वाङढ्वाङ आवाज पनि आयो । कुकुरले ह्वाङह्वाङ गरेको पनि सुनियो । ऊ लुसुक्क घरतिर लाग्यो । आकाशमा टहटह जून लागेको थियो ।

(ख) तलको अनुच्छेद पढी त्यसबाट तिन/तिन ओटा समस्त र द्वित्व शब्द खोजी तिनीहरूलाई विग्रह पनि गरेर लेख्नु होस् :

आज घामपानीले गर्दा बाहिर रमाइलो छ । आआफ्नो काम सकेर हामी घुमफिर गर्न निस्कन्छौँ । अनावश्यक कुरा गरेर झैझमेलामा समय खेर फाल्नुभन्दा त प्राकृतिक वातावरणमा विचरण गर्नु धेरै राम्रो । खेतबारीको हरियालीमा आँखा घुमाउँदै र खोलानाला पार गर्दै लुखुरलुखुर हामी गाउँबस्ती घुम्न जान्छौँ ।

(ग) तलको अनुच्छेद पढी छ ओटा सन्धि भएर बनेका शब्दको पहिचान गर्नु होस् र तिनीहरूलाई विच्छेद पनि गर्नु होस् :

नेपालमा गणतन्त्र आइ सकेको छ । पहिले राजा ज्ञानेन्द्रले शासन गरेकाले निरङ्कुश शासन भयो भन्ने राजनीतिक दलहरूले नै अहिले सत्ता सञ्चालन गरेका छन् । यति खेर राजनीतिक दलले नै मुलुकमा आफ्नो हात त जगन्नाथ झैँ ठानेको पाइन्छ । गाउँमा वयोवृद्ध र निश्छल मान्छेहरू मरिरहँदा पनि सहरले एउटा वक्तव्य निकालि दिएर दायित्व निर्वाह गरेको ठानिने परम्परामा खासै परिवर्तन आएको पाइँदैन । जनताले बोल्ने अधिकार मात्रै पाएका छन् ।

राजनीतिक दलले अहिले पनि निष्कपट ढङ्गले काम गरेका छैनन् तापनि दुखान्त जीवन यापन गर्ने जनताले धैर्य नै गरि रहेका छन् ।

६. कुनै एक प्रश्नको उत्तर दिनु होस् : ५

(क) तलको अनुच्छेदलाई पुलिङ्ग भए स्त्रीलिङ्ग र स्त्रीलिङ्ग भए पुलिङ्गमा परिवर्तन गरी वाक्य समेत मिलाएर पुनर्लेखन गर्नु होस् :

ऊ रामेछापमा जन्मेको हो । उसले नेपाली विषयमा अध्ययन गरेको हो । उसले एम.ए.को परीक्षामा प्रथम श्रेणीमा उत्तीर्ण गरेको हो । ऊ क्याम्पसमा प्राध्यापन गर्न आएन । उसको महिला साथी छे । ऊ अहिले विदेशमा पढाउँदै छ ।

(ख) तल दिइएको अनुच्छेदबाट दश/दश ओटा सरल र तिर्यक कारक छुट्याएर लेख्नु होस :

दैलो खोलेर बाहिर अँध्यारोमा सुन्दा रुङदुँङ खोला भयानक तौरले पाखै थर्काएर गर्जंदै रहेछ । बिच बिचमा अरु किसिमको आवाज पनि आएको जस्तो लाग्दा उसले खोलाले सिङ्गै खनिउको रूख बगाएर ल्याएको वा पहिरो झरेर माटोले खोलाको पानी जम्मै पहेँलो भएको अन्दाज काट्यो । अँध्यारो चाहिँ आफ्नो हातै पनि नदेखिने अँध्यारो छ ।

७. कुनै एक प्रश्नको उत्तर दिनु होस् : ६

(क) तलको अनुच्छेद पढ्नु होस् र त्यहाँबाट कर्ता, कर्म, करण, सम्प्रदान, अपादान र अधिकरण कारकका दुई दुई ओटा शब्द टिप्नु होस् :

म उठेँ । मैले घर नजिकैका छिमेकीलाई बोलाएँ । गोठमा बाघ आएछ । बाघले बाखालाई खाएछ । मैले लठ्ठीले बाघलाई हिर्काएँ । बाघ डराएन । मैले खुकुरीले उसको टाउकोमा हानेँ । बाघ गोठबाट भाग्यो र कान्लाबाट हाम फल्दै जङ्गलतिर लाग्यो । मैले बाखाको केही मासु कुकुरलाई दिएँ । घरमा बहिनी पनि थिइन् । मैले बहिनीलाई भात खान दिएँ । मैले जुत्ता ल्याएँ र बहिनीलाई जुत्ता लगाइ दिएँ । उनका पुस्तकहरू झोलामा राखी उनलाई स्कुलमा पुऱ्याएँ । घरमा आएर मैले एउटा सानो खाडल खनेँ । मैले बाखाको हाडछाला खाल्डोमा हालेँ । मैले कोदालीले खाल्डो पुरेँ । म घरबाट जङगलतिर गएँ । म रुखमा चढेँ र रुखबाट घाँस झारेँ । गाईलाई घाँस दिएर मनमा खिन्न भाव लिई म दिनभरि घरमै बसेँ ।

(ख) तलको अनुच्छेदमा प्रयोग भएका मध्ये बार ओटा विभक्ति टिपेर कपीमा लेख्नु होस् :

विरहीले उज्यालोमा गाउँलाई हेर्‍यो । गाउँलेहरू आँखामा आँसु झार्दै उसलाई बिदाइ गरि रहेका थिए । विरहीले डरले नभएर बाध्यताले गाउँ छोड्नु परेको थियो । उसले विद्यालय र गाउँलाई ज्यादै माया गरे पनि गाउँबाट बिदा हुनु उसको बाध्यता थियो । शिक्षा कार्यालयद्वारा उसको सरुवा गरियो । गाउँलेद्वारा भन्न लगाइयो तापनि कार्यालयबाट सकारात्मक उत्तर आएन । गाउँदेखि हिँडेर सहर जानु पर्ने उसलाई सरुवादेखि रिस पनि उठ्यो । गाउँको माया, नदीको निर्मल पानी, चार वर्षको उसको बसाइ अब सबै बिराना हुने भए । हिउँद र वर्षाको दिन सम्झँदै आफ्नो मायाको चिनो छाडेर ऊ अर्को स्कुलको बाटो लाग्यो ।

८. कुनै दुई प्रश्नको उत्तर दिनु होस् : ४x२=८

(क) तलका वाक्यहरूलाई वाच्य परिवर्तन गर्नु होस् :

(अ) मैले भाइलाई पिटेँ । (कर्म वाच्य )

(आ) उसले बहिनीलाई पिट्यो । ( कर्म वाच्य )

(इ) हामी आज सारै थाक्यौँ । ( भाव वाच्य )

(इ) आफू त निदाइए छ । ( कर्तृ वाच्य )

(ख) एउटा उद्देश्य र एउटा विधेय भएका चार ओटा सरल वाक्य लेख्नु होस् ।

(ग) तल दिइएका वाक्यहरूलाई वाक्य खण्डका बिच सम्बन्ध देखाएर विश्लेषण गर्नु होस् :

जब निश्चल युनिग्लोब कलेज आउँछ तब ऊ खाँट्टी विद्यार्थी जस्तो देखिन्छ तर जब उसले उसका बाबुको व्यापारमा सहयोगीको भूमिका खेल्छ तब ऊ खाँट्टी व्यापारी जस्तो देखिन्छ त्यसैले ऊ बहुमुखी प्रतिभाको धनी व्यक्ति मानिन्छ ।

९. तल दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नु होस् : १०

आजको विश्वमा मानव जातिका लागि मानव अधिकार भन्ने कुरा अपरिहार्य विषय बन्न पुगेको छ । मानव अधिकारको अभावमा मान्छेको वैयक्तिक विकास सम्भव छैन । जब एउटा नागरिक आफ्ना अधिकारहरूबाट बञ्चित हुन्छ तब त्यसको असर समाज र राष्ट्रले समेत भोग्नु पर्ने हुन्छ । अर्थात् मानव अधिकार कुनै एउटा व्यक्ति वा कुनै एउटा राज्यको मात्र सरोकारको कुरा होइन । यसको सम्मानमा संसारका हरेक व्यक्ति, समाज, राज्य एवम् अन्तर्राष्ट्रकै सहयोग अत्यावश्यक हुन्छ तापनि

आफ्नो मुलुकमा मानव अधिकारलाई सम्मान गर्ने परिपाटी कायम गर्ने कि नगर्ने भन्ने विषय भने त्यस मुलुकको राज्य व्यवस्था वा सरकारमै निर्भर गर्दछ । यस अर्थमा मानव अधिकारको सम्मान गर्न र त्यसलाई सुदृढ पार्न सरकारको नै सबैभन्दा महत्त्वपूर्ण भूमिका रहनु स्वाभाविक हो । जहाँ मानव अधिकारको सम्मान हुँदैन त्यहाँ प्रजातन्त्र पनि हुँदैन । जहाँ प्रजातन्त्र हुन्छ त्यहाँ मानव अधिकारको सम्मान गर्नु अनिवार्य हुन्छ । मानव अधिकारलाई गौण विषय ठानेर र त्यसलाई बेवास्ता गरेर प्रजातन्त्रको कुरा गर्नु निरङ्कुशतालाई आत्मसात् गर्नु हो । विश्वका कतिपय मुलुकहरूमा प्रजातन्त्रका नाममा मानव अधिकारको अवहेलना हुने कार्य हुँदै आएको छ । मानव अधिकारप्रति सम्मान दर्साउने प्रजातान्त्रिक संविधानको निर्माण भएको भए पनि व्यवहारमा त्यसको पालना नगरिएका प्रशस्तै उदाहरणहरू पाइन्छन् । यसबाट के कुरा बुझ्नु जरुरी हुन्छ भने संविधानमा मात्रै मानव अधिकारप्रति प्रतिबद्धता जाहेर गरेर वास्तविक रूपमा मानव अधिकारको सम्मान हुन सक्तैन । मानव अधिकारको सम्मानका लागि प्रजातान्त्रिक संविधान अनुसार स्थापित हुने सरकारको कार्यशैली पनि प्रजातान्त्रिक हुनु पर्दछ ।

प्रश्नहरू :

१. के मानव अधिकार वैयक्तिक विकासका लागि हो ?

२. मानव अधिकारको सम्मान कसको सरोकारको विषय हो ?

३. प्रजातन्त्र र मानव अधिकारका बिचमा के कस्तो सम्बन्ध छ ?

४. राज्यले मानव अधिकारको सम्मान कसरी गर्न सक्तछ ?

५. ‘अपरिहार्य’ र ‘निरङ्कुशता’ शब्दले के के अर्थ बुझाउँछन् ?

१० तलको अनुच्छेद पढी त्यसबाट मुख्य मुख्य पाँच ओटा बुँदा टिपोट गर्नुहोस् : ५

‘विश्वको सर्वोच्च शिखर सगरमाथा र नेपालको पहिचान तथा विशेषता’ भन्ने नारा हामीले सुन्दै आएका छौँ । यहाँ रारा, फोक्सुन्डो, च्छोरोल्पा, दुध पोखरी जस्ता सयौँ रमणीय र महत्त्वपूर्ण हिमतालहरू रहेका छन् । यी हिमतालहरूले धेरै मात्रामा पानी सञ्चय गर्ने , तल्लो तटीय क्षेत्रमा जलमा आश्रित परिस्थितिकीय प्रणालीको बचाव गर्ने भएकाले वातावरणीय प्रणालीमा यिनीहरूको भूमिका महत्त्वपूर्ण छ । विगत केही वर्षदेखि विश्वमा ‘जलवायु परिवर्तन’ नामक महामारीले गम्भीर प्रभाव पारेको छ । यो किन भयो ? मानवले निर्माण गरेका स्रोत साधन (कार्बन उत्सर्जन जस्ता कुरा) द्वारा प्रकृतिमा गम्भीर प्रभाव पारेकाले नै यो चुनौती देखिएको

हो । जलवायु परिवर्तनले अत्यधिक प्रभावित भएका हिमतालहरूको अस्तित्वका बारेमा गम्भीर बहसहरू भएका छन्, अनेकौं अध्ययन र निष्कर्षहरू निकालिएका छन् । ओहो ! नेपालमा मात्रै २०० भन्दा बढी हिमतालहरू ध्वस्त हुने सम्भावनामा रहेका छन् भने केहीको अस्तित्व धेरै अगिदेखि समाप्त भएर गइ सकेको छ । यी तालहरू नष्ट भए भने यसले भयानक वातावरणीय समस्याहरू निम्त्याउँछ । यसले जैविक विविधता तथा मानवीय संरचनामा पर्ने असरको सीमा बढ्दै गइ रहेको छ ।

११. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ५

(क) गर्मी याम सुरु हुन लागकोले झाडा पखालाबाट बच्नका लागि अपनाउनु पर्ने स्वास्थ्य सम्बन्धी सावधानीलाई समेटी स्वास्थ्य मन्त्रालयले सर्व साधारणका निम्ति जारी गर्ने सूचनाको नमुना तयार पार्नु होस् ।

(ख) आफू अध्ययनरत कलेजको पुस्तकालयका लागि 'सबैको नेपाली' पाठ्य पुस्तक ३०० थान पठाइदिन साझा प्रकाशन, हरिहर भवन, ललितपुरको नाममा व्यापारिक चिठीको नमुना तयार पार्नु होस् ।

१२. तपाईंको आँखा अगाडि भएको एउटा दुर्घटनाको विवरण समेटी १५० शब्दसम्मको प्रतिवेदन तयार पार्नु होस् । ५

**अथवा**

'कुलतमा युवा : समस्या र समाधान' शीर्षकमा १५० शब्दसम्मको टिप्पणी लेख्नु होस् ।

१३. तल दिइएका कुनै एक शीर्षकमा ३०० शब्दमा नबढाई निबन्ध लेख्नुहोस् :१०

(क) समाज उत्थानमा महिलाको भूमिका ।

(ख) वातावरण प्रदुषण : कारण र समाधान ।

(ग) देश विकसको मुख्य आधार : पर्यटन ।

१४ 'बौलाहा काजीको सपना' नाटकमा खिचिएको नेपाली समाजको चित्र प्रस्तुत गर्दै नाटकले सम्प्रेषण गर्न खोजेको सन्देशका बारेमा प्रकाश पार्नु होस् । १०

१५. तलका कुनै दुई प्रश्नहरूको उत्तर दिनुहोस् : २x५= १०

(क) तलको उद्धरण पढ्नु होस् र सोधिएका प्रश्नको उत्तर दिनु होस् :

हात खुट्टा बलियो भएपछि काम भनेको सधैं पाइन्छ बा ! तर छोराछोरीका निम्ति बाबु सधैं पाइ रहिन्न । बाको सेवा गर्न पाएपछि त्यस्ता काम लाख आउँछन् ।

प्रश्नहरू :

१. यो भनाइ कसको हो ?

२. यो भनाइ उपन्यासमा कुन प्रसङ्गमा आएको छ ?

३. यस भनाइले चरित्रको कुन रूपको परिचय दिन्छ ?

४. यस भनाइपछि बिरामी बाबुको कस्तो प्रतिक्रिया व्यक्त भएको छ ?

५. श्रमको सम्मान गर्ने वा पारिवारिक दायित्व निर्वाह गर्ने ? तपाईँ कुन छान्नु हुन्छ ? किन ?

(ख) 'मानुषी' कविताले नेपाली समाजमा महिला र पुरुषका बिच विभेदको के कस्तो चित्र खिचेको छ र के सन्देश दिन खोजेको छ ? कविताका आधारमा प्रकाश पार्नु होस् ।

(ग) तलको कवितांश पढी त्यसको अन्त्यमा सोधिएका प्रश्नको उत्तर दिनु होस् :

जहाँ
हरिया हरिया पहाडका फरिया
अलिक तल सारेर
निर्मल, स्वच्छ र न्यानो घाममा
हिमालले सधैँ ढाड सेकेको हुन्छ
म जति टाढा भए पनि त्यो मेरो देश
सधैँ मेरो मनले
सपनामा पाइला टेकेको हुन्छ ।

प्रश्नहरू :

१. यस कवितामा के कस्तो वातावरणको चित्रण गरिएको छ ?

२. कवितामा 'हरियो फरिया' भनेर केलाई चिनाउन खोजिएको छ र त्यस्तो फरिया कसले लगाएको छ ?

३. हिमालले सधैँ ढाड सेकेको हुन्छ भन्नुको तात्पर्य के हो ?

४. मनले सपनामा पाइला टेक्नु भनेको के हो ?

५. माथिको कविताको मूल आसय के हो ?

१६. 'खाद्य सङ्कट र जैविक विविधता' लेख पढेपछि विश्वको र सम्भावित नेपालको भोकमरीको अवस्थाको के कस्तो चित्र तपाईँको मस्तिष्कमा तयार भयो ? समाधानका उपाय सहितको तपाईँको आफ्नो प्रतिक्रिया लेख्नुहोस् । ५

# नमुना - ४

१. कुनै एक प्रश्नको उत्तर दिनु होस् : (५)

(क) तल दिइएका वर्णहरूको उच्चारण स्थान र प्रयत्न छुट्ट्याउनु होस् :
घ, च, म, थ, य ।

(ख) तल दिइएका शब्दको अक्षर संरचना र सङ्ख्या समेत देखाउनु होस् :
जुत्ता, सम्पूर्ण, मन्जन, विशेषता, सर्वमान्य ।

२. शुद्ध गरी पुनर्लेखन गर्नु होस् : (५)

उनिहरू घर जान्छन् । भने हामी चाहीँ किन एता बस्ने हो कुन्नि ओल्लोपल्लो घरका हामी छिमेकी सँगसँगै नगए देख्नेले के भन्लान त ! रिषिकेशसम्म पुगेर आउनसक्ने भएपछि जाऔ साथी सँगसँगै घरपनि ।

३. तलको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको शब्दवर्ग पहिचान गरी लेख्नु होस् : (३)

<u>यो</u> साथीहरूले भनेको कुरा पटक्कै <u>सुन्दैन</u> । <u>नसुनेरै</u> टार्ने <u>यो</u> केटाको <u>बानी</u> देख्दा मलाई त दिक्क लाग्छ <u>है</u> ।

४. तलको अनुच्छेदबाट दुई दुई ओटा तत्सम र आगन्तुक शब्द खोजी लेख्नु होस् : (२)

सहनशील मान्छेमा क्षमाशीलता हुन्छ । बेइमान र बदनियत भएकाहरूले कसैको भलाइ चिताउन सक्दैनन् । सहर तथा बजारमा अपराध र गुन्डागर्दी गरेर सानदार जीवन बाँच्न खोज्नु भन्दा त फाटेको भोटो र कमिजमा रमाउनु नै उपयुक्त होइन र !

५. कुनै दुई प्रश्नको उत्तर दिनु होस् : (२×३=६)

(क) तलको अनुच्छेदबाट छ ओटा उपसर्ग व्युत्पन्न शब्द र छ ओटा प्रत्यय व्युत्पन्न शब्द पहिचान गरी लेख्नु होस् :
हामीले आफ्नो सुनौलो भविष्यका लागि निरन्तर सङ्घर्ष गर्नु पर्छ । सुकार्यबाट आर्जन भएको सम्पत्ति लोभ लाग्दो हुन्छ । सफलता चाहनेहरूले कठिनतम श्रम गर्नु पर्छ । परिश्रम नै यस्तो गहना र सौन्दर्य हो जो सबै उपलब्धिमध्ये प्रशंसनीय हुन्छ । परिश्रमको फल

नै यस्तो उपलब्धि हो, जो हाँसो, सुख र शान्तिको परिणाम बन्न सक्छ ।

(ख) तलको अनुच्छेदबाट तिन समस्त शब्द र तिन द्वित्व शब्द खोजी समस्त शब्दलाई विग्रह गर्नु होस् र द्वित्व शब्दमा दोहोरिएको अंश छुट्ट्याउनु होस् :

उनीहरू दिनभर आलोपालो काम गर्छन् । घरभँडुवा उनीहरूको मिल्तीलाई देखि सहँदैनन् । छरछिमेकमा उनीहरूको जस्तो सुखदुःख साटेर काम गर्ने मान्छेको जरुरत छ । सबैले आआफ्नो कर्तव्य बुझ्ने र श्रमजीवी बन्ने हो भने कुन समाज पछाडि पर्ला ? काम गर्दा दोधार नहुनु र कामको चाँजोपाँजो मिलाउन सक्नु उनीहरूको विशेषता हो । उनीहरूको कामबाट आत्तिएकाहरू निर्लज्ज बन्दै समय व्यतीत गर्दै छन् ।

(ग) तलको अनुच्छेदबाट छ ओटा सन्धियुक्त व्युत्पन्न शब्द पहिचान गरी तिनको सन्धि विच्छेद गर्नु होस् :

हिजो उसको घरमा दाइको बिहे थियो । रातभरि महिलाहरूले रत्यौली नाचे । बिहेमा सानिमा पनि आउनु भएको थियो । गाउँबाट ठुल्यामा पनि आउनु भएको थियो । हुन त उसको दाइको बिहे गर्ने उमेर भएको थिएन तर पनि अत्यावश्यक भयो । रातिको बिहे भएकाले होला केही हुल्याहाले हुलहुज्जत गर्न खोजे । गँज्याहा, जँड्याहा सबै नै छाडा भएर आवतजावत गर्दै थिए । म चाहिँ यी सबै दृश्य प्रत्यक्ष हेर्दै थिएँ । के गर्नु गाउँ, सहर कतै पनि सुरक्षा भए पो !

६. कुनै एक प्रश्नको उत्तर दिनु होस् : (५)

(क) तलको अनुच्छेदलाई पुलिङ्ग भए स्त्रीलिङ्ग र स्त्रीलिङ्ग भए पुलिङ्गमा परिवर्तन गरी वाक्य ढाँचा समेत मिलाई पुनर्लेखन गर्नु होस् :

तिम्रो भाइ कक्षा ११ मा पढ्दो रहेछ नि ! मेरी बहिनी पनि कक्षा ११ मा नै पढ्छे । तिम्रो भाइ कुन कलेज पढ्दै छ ? मेरी बहिनी त कलेज जाँदी रहिनछ । सायद तिम्रो भाइ पनि जाँदैन कि ? विचार गर है !

(ख) वाक्य ढाँचा सहित एक वचनलाई बहु वचन र बहु वचनलाई एक वचनमा परिवर्तन गर्नु होस् :

मेरा साथीहरू पोखरा जालान् । म पनि जाउँला । के तपाईंहरू पनि सँगै जानुहुन्छ ? उनी त जान्छिन् रे ! त्यसो भए हामी पनि जान्छौँ नि ।

७. कुनै एक प्रश्नको उत्तर दिनु होस् : (६)

(क) ले, लाई, बाट, द्वारा, मा र देखि विभक्ति लागेका भिन्न भिन्न कारकको प्रयोग भएका छ ओटा वाक्यमा कुनै घटनाको वर्णन गर्नु होस् ।

(ख) रेखाङ्कित शब्दको कारक पत्ता लगाई लेख्नु होस् :

विराज धनगढीबाट आयो । उसले भाइलाई पनि सँगै ल्यायो । दाजुभाइले झोलामा आफूलाई चाहिने सबै सामान हालेका थिए । चिसापानीमा आएपछि बस रोकियो । उनीहरूले त्यहाँ काठमाडौँको साथीलाई दुई किलो माछा किने । उनीहरू बसबाट आएका थिए ।

८. कुनै दुई प्रश्नको उत्तर दिनु होस् : (४+४=८)

(क) तलका वाक्यहरूलाई आवश्यकता अनुसार सङ्गति मिलाई पुनर्लेखन गर्नु होस् :

तिमी र ऊ धरान जाँदै छन् । सानी पनि धरान जान चाहन्छिन् तर उसलाई तिमी लैजान चाहँदैनौ । मेरो दाजु पनि जाँदै हुनु हुन्छ । हाम्रा ठुलो भाइहरू पनि जान सक्छन् है !

(ख) आवश्यक कुरा थपघट गरेर तलका वाक्यहरूलाई वाच्य परिवर्तन गरी पुनर्लेखन गर्नु होस् ।

जाडो बिदामा आफू त घुम्न गइन्छ । त्यही मौकामा मामाघर पनि पुगिने छ । मद्वारा मामा माइजू घरमा डाकिनु हुने छ । त्यहाँ भाइबहिनी पनि भेटिएलान् । माइजूद्वारा मिठा परिकार खुवाइने छ । कोसीमा डुङ्गा चढिएको हुने छ । यही मौकामा जनकपुर समेत घुमिने छ र रमाइलो गर्दै एक हप्तापछि घर आइएको हुने छ ।

(ग) तलका वाक्यहरूलाई अपूर्ण पक्षमा परिवर्तन गर्नु होस् :

माघ दुई गतेदेखि परीक्षा सुरु हुन्छ । म परीक्षा राम्ररी लेख्छु । मैले पहिलो परीक्षा पनि बिगारेँ । यस पटक मेरो तयारी राम्रो भएको छ । आज पनि म राम्ररी पढ्छु । मैले टिभी पनि हेरेको छैन । म घुम्न पनि जान्नँ । यसपछि मलाई सबैले माया गर्नु हुने छ ।

९. तलको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नु होस् : (१०)

नेपालको मेचीदेखि महाकालीसम्मको भूभागमा अनेक उपत्यका पाइन्छन् । मध्य पश्चिमको सुर्खेतको उपत्यका, दाङ र देउखुरी उपत्यका, पोखरा उपत्यका, चितवन  नवलपुर उपत्यका, काठमाडौँ उपत्यका, सिन्धुली माडी उपत्यका र अरू नदी किनारका अनेक उपत्यका छन् । भूगर्भ वेत्ता विद्वान्हरूको भनाइ अनुसार यी उपत्यकामा पहिले जल भरिएको थियो र करिब अढाई लाख वर्ष पहिले यी उपत्यकाबाट पानी निस्केर बाहिर गयो । सम्भवत: यी सबै उपत्यकाको पानी त्यसपछि नै खुल्यो होला । पानी बगेर गएपछि यहाँ जङ्गल भयो होला र जीवजन्तु पनि आआफ्नो आहाराको खोजीमा यसतर्फ अग्रसर भएको हुनु पर्छ । त्यसपछि आदि मानव पनि आफ्नो जीवन निर्वाहका लागि यसतर्फ सिकार गर्न पस्यो होला । पहिले मानवको जीवन यायावरीय भए पनि पछि केही स्थिर हुँदै गयो । आजभन्दा दश हजार वर्ष पहिलेसम्म मानव पुरानै पाषाण युगको क्रममा थियो । तर इसापूर्व सात हजारदखि पाँच हजार वर्षतिर आएर आफ्नो जीवन नव पाषाण युगमा पुऱ्यायो । यस समयमा मानवले कृषिकर्म अपनाउन थालि सकेको थियो ।

प्रश्नहरू

(क) नेपालका उपत्यकाहरूमा कति वर्ष पहिले जङ्गल उत्पन्न भयो होला ?

(ख) आदि मानव यी उपत्यकामा पस्नुअगि यहाँ कस्तो वातावरण थियो ?

(ग) मानवले यायावरीय जीवन बिताउनुको कारण के हो ?

(घ) माथिको अनुच्छेदका लागि उपयुक्त शीर्षक के हुन सक्छ ?

(ङ) 'भूगर्भ वेत्ता' र 'पाषाण युग' को अर्थ के हो ?

१०. तलको अनुच्छेद पढी मुख्य मुख्य पाँच बुँदा टिपोट गर्नु होस् : (५)

जैविक विविधतामा नेपाल धनी देश हो । राष्ट्रिय र स्थानीय स्तरमा जैविक विविधताको संरक्षण तथा दिगो उपयोगका प्रयासहरू भइ रहेका भए तापनि लक्षित संरक्षण हुन सकेको छैन । जनसङ्ख्याको वृद्धिले प्राकृतिक स्रोतमाथि दिन प्रतिदिन बढ्दै गइ रहेको चापको प्रत्यक्ष प्रभावले जैविक विविधतालाई क्षति पुऱ्याएको छ । नेपालमा संरक्षित क्षेत्रहरूको स्थापना गरेर संरक्षण कार्य प्रभावकारी रूपले परिचालन गरिएको भए तापनि जनसमुदायका आवश्यकताहरूको पूर्तिका लागि पर्यावरणीय प्रणालीको विनाश नगरी आर्थिक लाभ गर्ने व्यवस्था गरे मात्र संरक्षण कार्य सफल हुने छ । जैविक विविधताको दिगो उपयोगका लागि जडिबुटीको

प्रयोग, प्रशोधन, अनुसन्धान तथा सङ्कलन, वन तथा कृषि कच्चा पदार्थमा आधारित उद्योग धन्दा सञ्चालनमा प्राथमिकता, वंशाणु स्रोतका गुणहरूको पहिचान तथा उपयोग, कृषि वन, सामुदायिक वन तथा वृक्षरोपण जस्ता कार्यहरू गम्भीर रूपले चलाउन आवश्यक देखिन्छ । स्थानीय समुदायहरूको जनचेतना अभिवृद्धि गराउन र संरक्षण शिक्षा कार्यक्रम सञ्चालन गर्न औपचारिक तथा अनौपचारिक शिक्षा कार्यक्रमहरू विभिन्न स्तरमा सञ्चालन गर्न आवश्यक छ । मध्यवर्ती क्षेत्रको व्यवस्थापनले संरक्षित क्षेत्रमा मानिसको चापलाई कम गरी उनीहरूको आवश्यकताको पूर्ति गर्ने उद्देश्य लिएको छ । नेपालले व्यापारिक प्रयोजनका लागि जैविक विविधताको खोज कार्य एकीकृत रूपमा विदेशी मुलुकहरूसँग सहभागी भई सञ्चालन गरेमा जैविक विविधताको संरक्षण तथा दिगो विकास प्रभावकारी हुने छ ।

११. कुनै एक प्रश्नको उत्तर लेख्नु होस् : (५)

(क) जनज्योति मा.वि. पाल्पाका लागि वाणिज्य विषयमा स्नातक योग्यता भएको लेखा अधिकृतका लागि आवश्यक पर्ने व्यक्तिगत विवरण तयार पार्नु होस् ।

(ख) कालिकास्थान युवा क्लब, रसुवाले व्यवस्थापन गर्ने आँखा शिविर सञ्चालन सम्बन्धी एउटा सूचना तयार गर्नु होस् ।

१२. चल्ती बिक्री भण्डारले स्वादिलो चाउचाउ बिक्री गर्न प्रकाशित गर्ने सचित्र विज्ञापनको नमुना तयार गर्नु होस् । (५)

१३. तल दिइएका मध्ये कुनै एक शीर्षकमा निबन्ध लेख्नु होस्: (१०)

(क) मेरो देश : मेरो भविष्य

(ख) पर्यटन वर्ष २०११

(ग) वातावरण प्रदूषणका दुष्परिणामहरू

१४. 'एक चिहान' उपन्यासको तल दिइएको अंश पढी सोधिएका प्रश्नको उत्तर दिनु होस् : (१०)

"त्यसो भए डर लाग्दो कुरा छ बाबु ! अब कहिल्यै नबोलाउनू ती डाक्टरलाई फेरि । मलाई राम्रै थाहा छ, उनी हृदयमा लेश पनि दया भएका मानिस होइनन्; आजसम्म टोलको कोही बिरामीलाई मुफतमा हेरि दिएका पनि छैनन् ।" सशङ्कित भावमा अष्टनारानले भने ।

वृद्ध, अनुभवी आफ्ना बाबुको यो कुरा सुनेर शिवनारानको हृदयमा पनि शङ्काको बीजारोपण भयो तापनि आपत्मा काम दिएको हुनाले उनको

गरिबीले त्यो शङ्कालाई जिउन दिएन । यसैले शिवनारानले आफ्ना पिताज्यू अष्टनारानलाई सम्झाएर भने– "डाक्टर गोदत्त प्रसाद सायद अगि खराबै थिए होलान्, तर पछि बदलिने मानिसहरू पनि त धेरै छन् बा ! कति दयालु मानिस पनि त पछि अनौठोसँग निर्दयी भएर गएका छन् ।"

प्रश्नहरू

(क) माथिको प्रथम अनुच्छेदमा गोदत्त प्रसादको चरित्रबारे गरिएको आशङ्का कत्तिको उचित छ ? तर्क सहित लेख्नु होस् ।

(ख) माथिको दोस्रो अनुच्छेदमा व्यक्त गरिएको भनाइ अनुसार गोदत्त प्रसादमा परिवर्तन आएकै हो त ? उपन्यासका आधारमा स्पष्ट पार्नु होस् ।

१५. कुनै दुई प्रश्नको उत्तर दिनु होस् : (१०)

(क) तलको कविताांश पढी सोधिएका प्रश्नहरूको एक दुई वाक्यमा उत्तर दिनु होस् :

म तिम्रो मृतदेहसँग जिउँदै मर्न सक्छु
म तिमीहरूको सामूहिक बलात्कार खपेर बाँच्न सक्छु
तिमीलाई त यसो कहिल्यै भएन,
तिमीले रजस्वलाको कष्टप्रद क्षण भोगेका छैनौ
तिमीलाई आफ्नो अस्मिताको जोखिम उठाउनु पर्दैन
तिमीलाई गर्भ धारणको अतिशय पट्यार लाग्दो अवधि थाहा छैन
तिमीलाई प्रसव कालको सीमातीत कष्ट भोग्नु पर्दैन ।

**प्रश्नहरू**

(१) पहिलो पङ्क्तिमा कविले के भन्न चाहेकी हुन् ?

(२) कविले 'म' का कस्ता समस्या प्रस्तुत गरेकी छन् ?

(३) 'तिमी' ले नभोगेका कुराका माध्यमबाट कविले भन्न खोजेका कुराहरू के के हुन् ?

(४) सामूहिक बलात्कार, रजस्वला, अस्मिता, गर्भ धारण र प्रसव अवस्थाका कारण नै महिलाहरूलाई पछि पारिएको हो ? आफ्ना छोटा तर्क प्रस्तुत गर्नु होस् ।

(५) 'अतिशय' र 'सीमातीत' शब्दको अर्थ लेख्नु होस् ।

(ख) तलको कथांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनु होस् :

यो सबै सङ्गत गुनको फल । ठुला बडाको सङ्गतको विष त महामारी फैले झैँ पो फैलन्छ त । यसले हामी जस्ताको त प्राणै चुस्छ । त्यो घरको हावाबाट जति सक्यो परै राख भन्यो, मान्दिनौ तिमी ।"

"यो क्या, छोटाहरूको छिमेक रे, हाम्रो दिदीआमाले भन्या । यहाँका छोटाहरूको सङ्गतले म बिग्रिएँ रे क्या, त्यसैले हामी घर सरेको ।"

**प्रश्नहरू**

(१) माथिका भनाइ ककसका हुन् ?

(२) माथिका पहिलो र दोस्रो उद्धरणमा वक्ताको दृष्टिकोणमा के भिन्नता छ ?

(३) 'ठुला बडाको सङ्गतको विष त महामारी फैलिए झैँ पो फैलिन्छ त' भन्नुको तात्पर्य के हो ?

(४) दिदीआमाको व्यवहारका कारण बाल्यप्रेममा बाधा पुगेको छ भन्ने कुराप्रति

(५) छोटा र बडाको समाज नहुनका लागि के हुनु पर्ला ?

(ग) तलको निबन्धांश पढी सोधिएका प्रश्नको उत्तर दिनु होस् :

"कस्तो विचित्रता, आलु खाए पनि मान्छे खाएको कुरा सकार्न सक्दैन । सायद यसैले होला 'आलु खाएर पेडाको धाक' लगाउने चलन चलेको । उसिनाको भात हसुरेर मसिनाको भुजा ज्युनार गरेँ भन्नेदेखि लिएर बम पड्काई शान्तिको अभियान चलाएको भन्नेसम्म दर्जा दर्जाका धक्कुबाजहरू संसारमा पाइन्छन् । वास्तवमा यी सबै आलु खाएर पेडाको धाक लगाउने हुन्, अर्थात् कर्मले गरेको नीचतालाई धाकले ढाक्नु आलुवादको धार्मिक पक्ष हो, जो बिसौँ शताब्दीका प्रत्येक व्यक्तिले पालन गर्नै पर्छ ।"

प्रश्नहरू

(१) मान्छेले आलु खाएर पनि खाएँ भन्न नसक्नुको कारण के हो ?

(२) आलु खाएर पेडाको धाक लगाउनेहरू कस्ता हुन्छन् ?

(३) आलुवादको धार्मिक पक्ष के हो ?

(४) भैरव अर्यालको बिसौँ शताब्दीका मान्छेलाई हेर्ने यस दृष्टिकोणप्रति तपाईँको के प्रतिक्रिया छ ?

(५) माथिको अनुच्छेदमा कसलाई व्यङ्ग्य गरिएको हो ?

(१६) निम्न वर्गीय मानिसहरूको जीवनावस्था किन कहाली लाग्दो हुन्छ ? 'कान्छी, भट्टी र देश' कविताका आधारमा लेख्नु होस् । (५)

# नमुना - ५

१. कुनै एक प्रश्नको उत्तर दिनु होस् : (५)

(क) तल दिइएका वर्णहरूको उच्चारण स्थान र प्रयत्न छुट्याउनु होस् :

न, प, व, स, ज ।

(ख) तल दिइएका शब्दको अक्षर संरचना र सङ्ख्या समेत देखाउनु होस् :

सत्ता, अपूर्ण, व्यञ्जन, प्रशासन, आदित्य ।

२. शुद्ध गरी पुनर्लेखन गर्नु होस् : (५)

उनीहरू घर जान्छन भने । हामि चाहिँ किन येता वस्ने हो कुन्नी ओल्लोपल्लो घरका हामी छिमेकी सँगसँगै नगए देख्नेले के भन्लान् त ! ऋशिकेशसम्म पुगेर आउन सक्ने भए पछि जाऔ साथी सँगसँगै घर पनि ।

३. तलको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको शब्दवर्ग पहिचान गरी लेख्नु होस् : (३)

आमा <u>भित्र</u> भान्सामा खाना पकाउँदै हुनु हुन्थ्यो । त्यतिखेर तिमी पनि घर<u>भित्र</u> नै रहेछौ <u>नि</u> । मैले <u>तिमी</u>लाई चिच्याएर <u>बोलाएँ</u> तर तिमीले कुनै <u>चासो</u> देखाएनौ ।

४. तलको अनुच्छेदबाट दुई दुई ओटा तत्सम र आगन्तुक शब्द खोजी लेख्नु होस् : (२)

ईशान विज्ञान पढ्ने विद्यार्थी हो । ऊ भविष्यमा डाक्टर बन्छ रे ! उसकी आमा उसलाई इन्जिनियर बनाउन चाहनु हुन्छ । दाजु भने वकिल बनाउने भन्छन् । ऊ चाहिँ पढेर जागिर नखाने बरु समाजसेवा गर्ने भन्छ । कस्तो अचम्म छ उनीहरूको घरमा ! पढ्ने र आफ्ना बारे आफैँले पो सोच्न पाउनु पर्छ त !

५. कुनै दुई प्रश्नको उत्तर दिनु होस् : (६)

(क) रेखाङ्कित शब्दको निर्माण प्रक्रिया लेख्नु होस् :

हामीले आफ्नो सुनौलो भविष्यका लागि निरन्तर सङ्घर्ष गर्नु पर्छ । सुकार्यबाट आर्जन भएको सम्पत्ति लोभ लाग्दो हुन्छ । सफलता चाहनेहरूले कठिनतम श्रम गर्नु पर्छ । परिश्रम नै यस्तो गहना र सौन्दर्य हो जो सबै उपलब्धिमध्ये प्रशंसनीय हुन्छ । परिश्रमको फल नै यस्तो उपलब्धि हो, जो हाँसो, सुख र शान्तिको परिणाम बन्न सक्छ ।

(ख) तलको अनुच्छेदबाट तिन समस्त शब्द र तिन द्वित्व शब्द खोजी समस्त शब्दलाई विग्रह गर्नु होस् र द्वित्व शब्दमा दोहोरिएको अंश छुट्ट्याउनु होस् :

उनीहरू दिनभर ओहोरदोहोर गर्छन् । गल्लीडुलुवाहरू उनीहरूलाई नै राम्रो मान्छन् । छरछिमेकमा उनीहरू निर्लज्ज भएर डुल्छन् । यिनीहरूलाई आआफ्नो कर्तव्य बुझ्ने र श्रमजीवी बन्ने भन्ने कुराको ज्ञान नै छैन । लामो हात गरेर सोरसार पार्नु र गोजीकटुवा बन्नु नै यिनको दैनिकी हो । यी त नराधम नै हुन् नि । यति भन्दा पनि यिनीहरूको सुध्रने चालचुल छैन ।

(ग) तलको अनुच्छेदबाट छ ओटा सन्धियुक्त व्युत्पन्न शब्द पहिचान गरी तिनको सन्धि विच्छेद गर्नु होस् :

हिजो उसको घरमा दाइको बिहे थियो । रातभरि महिलाहरूले रत्यौली नाचे । बिहेमा सानिमा पनि आउनु भएको थियो । गाउँबाट ठुल्यामा पनि आउनु भएको थियो । हुन त उसको दाइको बिहे गर्ने उमेर भएको थिएन तर पनि अत्यावश्यक भयो । रातिको बिहे भएकाले होला केही हुल्याहाले हुलहुज्जत गर्न खोजे । गँज्याहा, जँड्याहा सबै नै छाडा भएर आवतजावत गर्छन् । म चाहिँ यी सबै दृश्य प्रत्यक्ष हेर्दै थिएँ । के गर्नु गाउँ सहर कतै पनि सुरक्षा भए पो !

६. कुनै एक प्रश्नको उत्तर दिनु होस् : (५)

(क) वाक्य ढाँचा सहित एक वचनलाई बहु वचनमा परिवर्तन गर्नु होस् :

तिम्रो भाइ कक्षा ११ मा पढ्दो रहेछ नि ! मेरी बहिनी पनि कक्षा ११ मा नै पढ्छे । तिम्रो भाइ कुन कलेज पढ्दै छ ? मेरी बहिनी त कलेज जाँदी रहिनछ । सायद तिम्रो भाइ पनि जाँदैन कि ? विचार गर है !

(ख) तलको अनुच्छेदलाई पुलिङ्ग भए स्त्रीलिङ्ग र स्त्रीलिङ्ग भए पुलिङ्गमा परिवर्तन गरी वाक्य ढाँचा समेत मिलाई पुनर्लेखन गर्नु होस् :

मेरा भान्जा पोखरा जालान् । तिमी पनि जाऔली । के तपाइँका काका पनि सँगै जानुहुन्छ ? उनी त जान्छिन् रे ! त्यसो भए यिनी पनि जान्छन् नि ।

७. कुनै एक प्रश्नको उत्तर दिनु होस् : (६)

(क) कर्ता, कर्म, करण, सम्प्रदान, अपादान र अधिकरण कारक भएका वाक्यहरू लेखी कारक चिनाउनु होस् ।

(ख) रेखाङ्कित शब्दबाट विभक्ति चिन्ह छुट्याई विभक्तिको नाम समेत लेख्नु होस् :

विराज धनगढीबाट आयो । उसले भाइलाई पनि सँगै ल्यायो । दाजुभाइले झोलामा आफूलाई चाहिने सबै सामान हालेका थिए । चिसापानीमा आएपछि बस रोकियो । उनीहरूले त्यहाँ काठमाडौँको साथीलाई दुई किलो माछा किने । उनीहरू बसबाट आएका थिए ।

८. कुनै दुई प्रश्नको उत्तर दिनु होस् : (४+४=८)

(क) तलका वाक्यहरूलाई आवश्यकता अनुसार सङ्गति मिलाई पुनर्लेखन गर्नु होस् :

तिमी वा ऊ धरान जाँदै छन् । सानी पनि धरान जान चाहन्छे तर उनलाई म लैजान चाहँदैन । मेरो दिदी पनि जाँदै हुनु हुन्छ । तिम्रो ठुला भाइहरू पनि जान सक्छन् है !

(ख) आवश्यक कुरा थपघट गरेर तलका वाक्यहरूलाई कर्तृ वाच्यमा परिवर्तन गर्नु होस् :

जाडो बिदामा तिमीद्वारा त घुम्न गइएला । त्यही मौकामा मामाघर पनि पुगिएको हुने छ । तिमीद्वारा मामा माइजू घरमा डाकिनु हुने छ । त्यहाँ भाइबहिनी पनि भेटिँदै होलान् । माइजूद्वारा मिठा परिकार पकाइने छ । कोसीमा डुङ्गा चढिएको हुने छ । यही मौकामा जनकपुर समेत घुमिने छ र रमाइलो गर्दै एक हप्तापछि घर आइएको हुने छ ।

(ग) तलका वाक्यहरूलाई पूर्ण पक्षमा परिवर्तन गर्नु होस् :

माघ दुई गतेदेखि परीक्षा सुरु हुन्छ । म परीक्षा राम्ररी लेख्छु । मैले पहिलो परीक्षा पनि बिगारेँ । यस पटक मेरो तयार राम्रो भयो । आज

पनि म राम्ररी पढ्छु । मैले टिभी पनि हेरिनँ । म घुम्न पनि जान्नँ । यसपछि मलाई सबैले माया गर्नु हुने छ ।

९. तलको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नु होस् : (१०)

जैविक विविधतामा नेपाल धनी देश हो । राष्ट्रिय र स्थानीय स्तरमा जैविक विविधताको संरक्षण तथा दिगो उपयोगका प्रयासहरू भइ रहेका भए तापनि लक्षित संरक्षण हुन सकेको छैन । जनसङ्ख्याको वृद्धिले प्राकृतिक स्रोतमाथि दिन प्रतिदिन बढ्दै गइ रहेको चापको प्रत्यक्ष प्रभावले जैविक विविधतालाई क्षति पुऱ्याएको छ । नेपालमा संरक्षित क्षेत्रहरूको स्थापना गरेर संरक्षण कार्य प्रभावकारी रूपले परिचालन गरिएको भए तापनि जनसमुदायका आवश्यकताहरूको पूर्तिका लागि पर्यावरणीय प्रणालीको विनाश नगरी आर्थिक लाभ गर्ने व्यवस्था गरे मात्र संरक्षण कार्य सफल हुने छ । जैविक विविधताको दिगो उपयोगका लागि जडिबुटीको प्रयोग, प्रशोधन, अनुसन्धान तथा सङ्कलन, वन तथा कृषि कच्चा पदार्थमा आधारित उद्योग धन्दा सञ्चालनमा प्राथमिकता, वंशाणु स्रोतका गुणहरूको पहिचान तथा उपयोग, कृषि वन, सामुदायिक वन तथा वृक्षरोपण जस्ता कार्यहरू गम्भीर रूपले चलाउन आवश्यक देखिन्छ । स्थानीय समुदायहरूको जनचेतना अभिवृद्धि गराउन र संरक्षण शिक्षा कार्यक्रम सञ्चालन गर्न औपचारिक तथा अनौपचारिक शिक्षा कार्यक्रमहरू विभिन्न स्तरमा सञ्चालन गर्न आवश्यक छ । मध्यवर्ती क्षेत्रको व्यवस्थापनले संरक्षित क्षेत्रमा मानिसको चापलाई कम गरी उनीहरूको आवश्यकताको पूर्ति गर्ने उद्देश्य लिएको छ । नेपालले व्यापारिक प्रयोजनका लागि जैविक विविधताको खोज कार्य एकीकृत रूपमा विदेशी मुलुकहरूसँग सहभागी भई सञ्चालन गरेमा जैविक विविधताको संरक्षण तथा दिगो विकास प्रभावकारी हुने छ ।

प्रश्नहरू

(क) जैविक विविधतालाई के कुराले क्षति पुऱ्याएको छ ?

(ख) संरक्षित क्षेत्रको संरक्षण कार्य कसरी सफल हुन्छ ?

(ग) जैविक विविधताको उपयोगका लागि के कस्ता कार्यहरू गर्नु पर्दछ ?

(घ) माथिको अनुच्छेदका लागि उपयुक्त शीर्षक के हुन सक्छ ?

(ङ) 'वंशाणु' र 'मध्यवर्ती क्षेत्र' को अर्थ लेख्नु होस् ।

१०. तलको अनुच्छेद पढी मुख्य मुख्य पाँच बुँदा टिपोट गर्नु होस् : (५)

नेपालको मेचीदेखि महाकालीसम्मको भूभागमा अनेक उपत्यका पाइन्छन् । मध्य पश्चिमको सुर्खेतको उपत्यका, दाङ र देउखुरी उपत्यका, पोखरा उपत्यका, चितवन  नवलपुर उपत्यका, काठमाडौँ उपत्यका, सिन्धुली माडी उपत्यका र अरू नदी किनारका अनेक उपत्यका छन् । भूगर्भ वेत्ता विद्वान्हरूको भनाइ अनुसार यी उपत्यकामा पहिले जल भरिएको थियो र करिब अढाई लाख वर्ष पहिले यी उपत्यकाबाट पानी निस्केर बाहिर गयो । सम्भवतः यी सबै उपत्यकाको पानी त्यसपछि नै खुल्यो होला । पानी बगेर गएपछि यहाँ जङ्गल भयो होला र जीवजन्तु पनि आआफ्नो आहाराको खोजीमा यसतर्फ अग्रसर भएको हुनु पर्छ । त्यसपछि आदि मानव पनि आफ्नो जीवन निर्वाहका लागि यसतर्फ सिकार गर्न पस्यो होला । पहिले मानवको जीवन यायावरीय भए पनि पछि केही स्थिर हुँदै गयो । आजभन्दा दश हजार वर्ष पहिलेसम्म मानव पुरानै पाषाण युगको क्रममा थियो । तर इसापूर्व सात हजारदखि पाँच हजार वर्षतिर आएर आफ्नो जीवन नव पाषाण युगमा पुऱ्यायो । यस समयमा मानवले कृषिकर्म अपनाउन थालि सकेको थियो ।

११. कुनै एक प्रश्नको उत्तर लेख्नु होस् : (५)

(क) जनता मा.वि. सुर्खेतको लेखा विषय शिक्षकका लागि आवश्यक पर्ने व्यक्तिगत विवरण तयार पार्नु होस् ।

(ख) युवा समाज नेपालगन्जले आयोजना गर्न लागेको वनभोज कार्यक्रम सम्बन्धी एउटा सूचना तयार गर्नु होस् ।

१२. जागरण बैङ्कले आफ्नो बैङ्कमा खाता खोल्न ग्राहकहरूलाई आह्वान गरेको विज्ञापनको नमुना तयार गर्नु होस् । (५)

१३. तल दिइएका मध्ये कुनै एक शीर्षकमा निबन्ध लेख्नु होस् : (१०)

(क) सुनिश्चित भविष्यका लागि मेरो योजना

(ख) नेपालमा पर्यटनको सम्भाव्यता

(ग) लोडसेडिङ र नेपाली अर्थतन्त्र

१४. 'एक चिहान' उपन्यासको तल दिइएको अंश पढी सोधिएका प्रश्नको उत्तर दिनु होस् : (१०)

"...नारी भएर तिमीले नारीको मूल्य पहिचान्न सक, नारीको महत्त्व बढाउन कोसिस गर । समाजको मर्यादा र गौरव नारीको मूल्यमा निर्भर छ । भौतिक उन्नति र सुविधाले मानिसलाई बाहिरी सुख मात्र प्राप्त हुन सक्तछ, तर नारीको चरित्र पाउनाले मानिसको जीवनमा अलौकिक आनन्द

आउँछ । त्यसैले सभ्यताको मापदण्ड, भौतिक उन्नति वा विज्ञानमा मात्र हुँदैन, चरित्रको उन्नति नै उसको चरम सीमा हो । नारीको चरित्र हाँस्न पाएको ठाउँमा पुरुषको आत्माले नाच्न पाउँछ, त्यस्ता ठाउँमा नै हौसला फुल्न आइ रहन्छ, फुर्ती मुस्कुराइ रहन्छ र अभिमान बाँचि रहन्छ ।"

रञ्जना देवीले यति कुरा छाँटि सकेपछि बल्ल मुन्टो उठाएर नानीथकुँ बोलिन् -"तपाइँको कुरा ज्यादै राम्रो छ, जति सुने पनि पेट नभर्ने, अझ सुनि रहूँ जस्तो लाग्छ । तर मलाई यो पनि गजब लागि रहेको छ कि तपाइँले मलाई बोलाउन पठाएर किन यो सब कुरा गरि रहनु भएको हो ?"

प्रश्नहरू

(क) माथिको प्रथम अनुच्छेदमा नारीको चरित्रबारे गरिएको वर्णन कत्तिको उचित छ ? तर्क सहित लेख्नु होस् । (५)

(ख) माथिको दोस्रो अनुच्छेदमा व्यक्त गरिएको भनाइ अनुसार रञ्जना देवीले भनेका कुरा नानीथकुँले नबुझेकै हो त ? उपन्यासका आधारमा स्पष्ट पार्नु होस् । (५)

१५. कुनै दुई प्रश्नको उत्तर दिनु होस् : (१०)

(क) तलको कविताांश पढी सोधिएका प्रश्नहरूको एक दुई वाक्यमा उत्तर दिनु होस् :

जहाँ
हरिया हरिया पहाडका फरिया
अलिक तल सारेर
निर्मल, स्वच्छ र न्यानो घाममा
हिमालले सधैँ ढाड सेकेको हुन्छ
म जति टाढा भए पनि त्यो मेरो देश
सधैँ मेरो मनले
सपनामा पाइला टेकेको हुन्छ

प्रश्नहरू

(१) यस कविताांशमा कस्तो वातावरणको चित्रण छ ?

(२) यस अंशमा 'हरियो फरिया' भनेर केलाई भनिएको छ र त्यस्तो फरिया कसले लगाएको छ ?

(३) 'हिमालले सधैँ ढाड सेकेको हुन्छ' भन्नुको तात्पर्य के हो ?

(४) मनले सपनामा पाइला टेक्नु भनेको के हो ?

(५) यस अंशमा भनिएको मुख्य कुरा के हो ?

(ख) तलको कथांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनु होस् :

आपद् विपद् जहाँ पनि छ । हो हुरीले बिगाऱ्यो तर अब सबै ठिक बनाइ हाल्छौँ, कुनै नसकिने काम होइन त्यति गर्न । आफ्नो घर छ, गोठ छ, गोठमा गाईहरू छन्, बारी छ, बारीमा तिस चालिस भ्याङ बाँसहरू छन्, गगुन र नेभाराका रुखहरू छन्, काँक्राको लहरा आकाशतिर जाँदै छ ...हुरीले कति पो बिगार्न सक्छ र ? इः अब गएर बनाइ हाल्नु पर्छ ।

प्रश्नहरू

(१) माथिको भनाइ कसको हो ?

(२) 'आपद् विपद् जहाँ पनि छ' भन्नुहो तात्पर्य के हो ?

(३) यस उद्धरणमा निश्चिन्तताको प्रस्तुति कसरी भएको छ ?

(४) उद्धरण अनुसार कथाको टुङ्ग्याउनी कसरी गरिएको देखिन्छ ?

(५) उद्धरण अनुसार वक्ताको कस्तो दृष्टिकोण प्रस्तुत भएको छ ?

(ग) तलको निबन्धांश पढी सोधिएका प्रश्नको उत्तर दिनु होस् :

"कस्तो विचित्रता, आलु खाए पनि मान्छे खाएको कुरा सकार्न सक्दैन । सायद यसैले होला 'आलु खाएर पेडाको धाक' लगाउने चलन चलेको । उसिनाको भात हसुरेर मसिनाको भुजा ज्युनार गरेँ भन्नेदेखि लिएर बम पड्काई शान्तिको अभियान चलाएको भन्नेसम्म दर्जा दर्जाका धक्कुबाजहरू संसारमा पाइन्छन् । वास्तवमा यी सबै आलु खाएर पेडाको धाक लगाउने हुन्, अर्थात् कर्मले गरेको नीचतालाई धाकले ढाक्नु आलुवादको धार्मिक पक्ष हो, जो बिसौँ शताब्दीका प्रत्येक व्यक्तिले पालन गर्नै पर्छ ।"

प्रश्नहरू

(१) मान्छेले आलु खाएर पनि खाएँ भन्न नसक्नुको कारण के हो ?

(२) आलु खाएर पेडाको धाक लगाउनेहरू कस्ता हुन्छन् ?

(३) आलुवादको धार्मिक पक्ष के हो ?

(४) भैरव अर्यालको बिसौँ शताब्दीका मान्छेलाई हेर्ने यस दृष्टिकोण प्रति तपाईंको के प्रतिक्रिया छ ?

(५) माथिको अनुच्छेदमा कसलाई व्यङ्ग्य गरिएको हो ?

(१६) 'म फुल लिएर आउने छु' निबन्धमा के कस्तो देशभक्तिको भावना अभिव्यक्त भएको छ ? (५)

'समाप्त'